नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु

फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेबसाइट :- www.kapilvastu.pmamp.gov.np

पत्र संख्याः २०८२/८३
चलानी नं.:

## कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तुमा जोन/सुपरजोनमा आवद्धताका लागि सुचिकृत गर्ने सम्बन्धी सूचना

सूचना नं. ०१/२०८२/८३

सूचना प्रकाशन मितिः २०८२/०४/२७

प्रस्तुत विषयमा यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु (साविकको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु) अन्तर्गत चालु आ.व. २०८२/०८३ मा तपसिलको जोन/सुपरजोन विकास कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयनको लागि कार्यक्रम कार्यान्वयन म्यानुअल-२०७७, पहिलो संशोधन, २०८१ (साविकको परियोजना कार्यान्वयन म्यानुअल, २०७७) मा व्यवस्था भए बमोजिम धान सुपरजोन, तरकारी जोन र माछा जोनको कार्यक्षेत्र भित्र क्रियाशील रहेका कानून बमोजिम दर्ता भएका इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/कम्पनी/जल तथा वन उपभोक्ता समिति आदिले यस कार्यक्रम कार्यान्वयन एकाइमा सूचिकृत/नवीकरण हुनको लागि आवश्यक कागजातहरु सहित निर्धारित ढाँचामा यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन अर्थात मिति २०८२/०५/२५ गते कार्यालय समय भित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स. | जोन/सुपरजोन | जोन/सुपरजोनको कार्यक्षेत्रहरु | | कैफियत |
|---|---|---|---|---|
| | | स्थानिय तहको नाम | वडाहरु | |
| १ | धान सुपरजोन | बाणगंगा नगरपालिका | सबै वडाहरू | |
| | | बुद्धभूमि नगरपालिका | वडा नं. १,२,३ र ४ मात्र | |
| | | कपिलवस्तु नगरपालिका | वडा नं. ७,८,९,१०,११ र १२ मात्र | |
| | | मायादेवी गाउँपालिका | सबै वडाहरू | |
| | | शुद्धोधन गाउँपालिका | सबै वडाहरू | |
| २ | तरकारी जोन | कपिलवस्तु नगरपालिका | वडा नं. ३,४,५,६,७,८,९,१०,११ र १२ मात्र | |
| | | बुद्धभूमि नगरपालिका | वडा नं. १० मात्र | |
| | | मायादेवी गाउँपालिका | वडा नं. ५,६ र ७ मात्र | |
| ३ | माछा जोन | बाणगंगा नगरपालिका | सबै वडाहरू | |
| | | बुद्धभूमि नगरपालिका | सबै वडाहरू | |
| | | शिवराज नगरपालिका | वडा नं. १,२,३,४,५,६,७,८,१० र ११ मात्र | |
| | | विजयनगर गाउपालिका | सबै वडाहरू | |
| | | महाराजगंज नगरपालिका | वडा नं. ११ मात्र | |

आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु

१. रु १० को टिकट टाँस गरेको परियोजनाले निर्धारित गरेको ढाँचा अनुसारको आवेदन फारम । (आवेदन फर्मेट परियोजनाको वेबसाईट www.kapilvastu.pmamp.gov.np बाट download गर्न सकिनेछ)।
२. कृषक समूह/सहकारी/कम्पनी/फर्म/वन/जल उपभोक्ता समितिको आवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमी/ वन/जल उपभोक्ता समिति दर्ताको नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
४. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमी/वन/जल उपभोक्ता समितिको परियोजनामा आवद्धता सम्बन्धि निर्णयको प्रतिलिपी (निर्णयमा कृषकको नाम र बालीको क्षेत्रफल किटान गर्नुपर्ने)।
५. सम्बन्धित गाँउपालिका/ नगरपालिका को वडा कार्यालयको कार्यक्रममा आवद्धताका लागि सुचिकृत गरिदिने सिफारिस पत्र।
६. कृषक समूह/सहकारी/फर्म/कम्पनी/वन/जल उपभोक्ता समिति आदीको नाममा रहेको पान नं. प्रमाण पत्रको प्रतिलिपी ।
७. आ.व. २०८१/८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
८. जग्गाधनीको लालपूर्जाको प्रतिलिपि, निवेदकको आफ्नो नाममा जग्गा नभएको हकमा जग्गाको मञ्जुरीनामा, जग्गा लिजमा लिएको भए कानून बमोजिम कम्तिमा ५ वर्षको करारनामा।
९. परियोजनाले माग गरेको अन्य आवश्यक कागजातहरु ।
१०. सम्पूर्ण कागजातहरु फाईलिङ गरि पेश गर्नुपर्नेछ ।

पुनश्चः रीतपुर्वक आवेदन र आवश्यक कागजातहरु पेश हुन नआएमा जोन/सुपरजोनमा आवद्धताको लागि कार्यक्रम कार्यान्वयन एकाइले सुचिकृत गर्न बाध्य हुने छैन।

थप जानकारीको लागि कार्यालयको Website: kapilvastu.pmamp.gov.np फोन नं. ०७६५५०३४७, ९८५७०५२३४७, ९८५७०५४३४७, ९८४७१३३१८६, ९८०८३६०९६२, ९८६०४९९४९४ मा सम्पर्क राख्नु हुन अनुरोध छ।

*"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण विशिष्टिकरण र औद्योगिकीकरण"*

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
**कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु**

फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेबसाइट :- www.kapilvastu.pmamp.gov.np

पत्र संख्याः २०८२/८३
चलानी नं.:

## आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

### सूचना नं. ०२/२०८२/८३

**प्रथम पटक प्रकाशित मितिः २०८२।०४।३०**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु (साविकको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु) को चालु आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार धान सुपरजोन, माछा जोन र तरकारी जोनको कार्यक्षेत्रमा तपसिलका कार्यक्रमहरु सञ्चालन गर्न यस एकाइ अन्तर्गत सुचिकृत भएका कृषक समूह/कृषि सहकारी संस्था/निजी फर्म/कम्पनी/वन/जल उपभोक्ता समितिहरुले एकाइले माग गरेको तपसिल अनुसारका कागजात सहित ३० (तीस) दिन अर्थात मिति २०८२/०५/२८ गते भित्र आवेदन पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र, प्रस्तावको ढाँचमा एवं त्यसका लागि न्यूनतम मापदण्ड, अनुदानको सिमा तथा सर्तहरु लगायतका अन्य आवश्यक थप जानकारी कार्यक्रम कार्यान्वयन म्यानुअल-२०७७, पहिलो संशोधन २०८१ (साविकको परियोजना कार्यान्वयन म्यानुअल-२०७७) वा कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तुको वेबसाइट वा कार्यालयमा प्राविधिकहरुसँग प्रत्यक्ष सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

तपसिलः

| क्र. सं. | कार्यक्रम विवरण | इकाई | लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| कपिलवस्तु जिल्लाभर सञ्चालन गर्न सकिने कार्यक्रमहरु | | | | | |
| १ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग (Land consolidation/ Crop consolidation/यन्त्र मैत्री गह्रा सुधार) | संख्या | ३ | ३० | व्यवसायिक उत्पादन क्षेत्र हुनुपर्ने (कार्यक्रम कार्यान्वयन म्यानुअलमा उल्लेखित अनुदान सीमा रहने) |
| २ | प्राविधिक शिक्षालयसँगको साझेदारीमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम | संख्या | १ | १० | प्राविधिक धारमा कृषि शिक्षा सञ्चालन भएको हुनुपर्ने (बढीमा ७५% अनुदान) |
| ३ | बसन्ते मकैको क्षेत्रफल बिस्तार | हेक्टर | २० | ३.६ | उत्पादन सामाग्रीमा बढीमा ५०% अनुदान |
| ४ | कस्टम हायरिङ्ग सेन्टर स्थापना | पटक | १ | १५ | मेशिनरीहरुको व्यवस्थापनको लागि संरचना भएका प्रस्तावकहरु मार्फत कार्यक्रम सञ्चालनको लागि बढीमा ५०% अनुदान |
| ५ | विगतमा सञ्चालन भएका कष्टम हायरिङ्ग सेन्टरको निरन्तरताको लागि सहयोग | पटक | १ | १० | बिगतमा कार्यालयबाट कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा सञ्चालनमा सहयोग भएको लाभग्राही हुनुपर्ने (कार्यक्रम कार्यान्वयन म्यानुअलमा उल्लेखित अनुदान सीमा रहने) |
| ६ | स्थानीय तहसँगको लागत साझेदारीमा बीउ प्रशोधन/भण्डारण गृह निर्माण | संख्या | १ | ३० | व्यवसायिक उत्पादन क्षेत्र हुनुपर्ने (बढीमा ८५% अनुदान) |
| ७ | विगतका आ.व.मा निर्माण भएका कृषि पूर्वाधारहरुको प्रभावकारी सञ्चालनका लागि थप सहयोग कार्यक्रम | संख्या | ३ | ४५ | बिगतमा कार्यालयबाट पुर्वाधार निर्माणमा सहयोग भएको लाभग्राही संस्था हुनुपर्ने (कार्यक्रम कार्यान्वयन म्यानुअलमा उल्लेखित अनुदान सीमा रहने) |
| ८ | तरकारी/फलफुल भण्डारणका लागि चिस्यान केन्द्र/Cold chamber निर्माण सहयोग | संख्या | १ | ११ | व्यवसायिक उत्पादन क्षेत्र हुनुपर्ने (कार्यक्रम कार्यान्वयन म्यानुअलमा उल्लेखित अनुदान सीमा रहने) |
| ९ | चैते धानको क्षेत्रफल विस्तार | हेक्टर | २५ | ४ | उत्पादन सामाग्रीमा बढीमा ५०% अनुदान |
| १० | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार (चैते धान प्रवर्द्धन कार्यक्रम) | संख्या | ७ | १४ | चैते धानको उत्पादन क्षेत्रमा सिंचाई पुर्वाधार निर्माणमा बढीमा ८५% वा २ लाख अनुदान |
| ११ | माटो सुधारका लागि कृषि चुन/जिप्सम/सुक्ष्मतत्व आदि सहयोग कार्यक्रम | पटक | २ | १.८ | माटो परीक्षण पश्चात आवश्यक माटो सुधारको लागि बढीमा ५०% अनुदान |

*"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, बिशिष्टिकरण र औद्योगिकीकरण"*



CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेवसाइट :- www.kapilvastu.pmamp.gov.np

# कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु

पत्र संख्या: २०८२/८३
चलानी नं.:

| क्र. सं. | कार्यक्रम विवरण | इकाई | लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तुको जोन/सुपरजोनको कार्यक्षेत्रमा सञ्चालन गर्न सकिने कार्यक्रमहरु | | | | | |
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ४ | २० | व्यवसायिक उत्पादन क्षेत्रहरुमा पक्की कुलो निर्माणको लागि बढीमा ८५% अनुदान |
| २ | Cold Chamber सहितको संकलन केन्द्र निर्माण अनुदान | संख्या | १ | १५ | व्यवसायिक उत्पादन क्षेत्र हुनुपर्ने (कार्यक्रम कार्यान्वयन म्यानुअलमा उल्लेखित अनुदान सीमा रहने) |
| ३ | भण्डारण , प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | संख्या | १ | १५ | व्यवसायिक उत्पादन क्षेत्र हुनुपर्ने (कार्यक्रम कार्यान्वयन म्यानुअलमा उल्लेखित अनुदान सीमा रहने) |
| तरकारी जोन, कपिलवस्तुको कार्यक्षेत्रको लागि मात्र | | | | | |
| १ | तरकारी खेतीमा प्रविधि विस्तार कार्यक्रम | हेक्टर | १५ | १०.५ | उन्नत प्रविधिका उत्पादन सामाग्रीहरुमा बढीमा ५०% अनुदान |
| २ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | १४ | बढीमा ५०% अनुदान |
| ३ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ८ | १२ | व्यवसायिक तरकारी उत्पादन क्षेत्रमा सिंचाई पुर्वाधार निर्माणमा बढीमा ८५% अनुदान |
| ४ | स्थायी प्लाष्टिक घर निर्माण | संख्या | १० | ६ | व्यवसायिक तरकारी उत्पादन क्षेत्रमा बढीमा ५०% अनुदान |
| माछा जोन, कपिलवस्तुको कार्यक्षेत्रको लागि मात्र | | | | | |
| १ | नयाँ मत्स्य पोखरी निर्माण | हेक्टर | ३ | ९ | कम्तीमा ६ कठ्ठा मत्स्य जलाशय क्षेत्रफल विस्तार पुग्ने गरी प्रति कठ्ठा जलाशयको बढीमा रु. १० हजार अनुदान सहयोग |
| २ | माछा पोखरी मर्मत सुधार सहयोग | हेक्टर | २५ | २५ | मत्स्य पोखरी निर्माण भएको ३ बर्ष वा सो भन्दा बढी अवधि पुगेका जीर्ण पोखरी मर्मत सुधारको हकमा प्रति हेक्टर जलाशयको लागि बढीमा रु. १ लाख अनुदान |
| ३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ८ | बढीमा ५०% अनुदान |
| ४ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ६ | ९ | व्यवसायिक मत्स्य पालन क्षेत्रमा बढीमा ८५% अनुदान |
| ५ | मत्स्य ह्याचरी स्थापना सहयोग कार्यक्रम (५०% अनुदान) | संख्या | १ | १० | व्यवसायिक उत्पादन क्षेत्र हुनुपर्ने (कार्यक्रम कार्यान्वयन म्यानुअलमा उल्लेखित अनुदान सीमा रहने) |
| ६ | माछा पोखरीको लागि सिल्पोलिन अनुदान सहयोग | हेक्टर | २ | ८ | पोखरी मर्मत/सुदृढीकरणमा प्रयोग हुने सिल्पोलिनमा बढीमा ५०% अनुदान सहयोग (सिल्पोलिन लगाउने ज्याला सहित) |
| धान सुपरजोन, कपिलवस्तुको कार्यक्षेत्रको लागि मात्र | | | | | |
| १ | धान बिउ उत्पादन कार्यक्रम | हेक्टर | ५० | १.५ | धानको प्रजनन्/मूल/प्रमाणित बीउमा बढीमा ५०% अनुदान सहयोग |
| २ | मसिना वासनादार तथा रैथाने जातका धान खेती बिस्तार सहयोग कार्यक्रम | हेक्टर | ५० | १.५ | बढीमा ५०% अनुदान सहयोग |
| ३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | १८ | बढीमा ५०% अनुदान सहयोग |
| ४ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ८ | १२ | सिंचाई पुर्वाधार निर्माणमा बढीमा ८५% अनुदान (धान बीउ उत्पादन क्षेत्रलाई प्राथमिकता) |

*"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, बिशिष्टिकरण र औद्योगिकीकरण"*



CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
# कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु

फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेबसाइट :- www.kapilvastu.pmamp.gov.np

पत्र संख्या: २०८२/८३
चलानी नं.:

**आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. रु. १० को हुलाक टिकट टाँसेको परियोजनाले निर्धारित गरेको अनुसुचि-१० फर्मेट भरि अनुमानित लागत ईष्टिमेट प्रष्ट खुलाई पेश गर्ने (अनुसुचि-१० फर्मेट परियोजनाको वेबसाईट www.kapilvastu.pmamp.gov.np बाट download गर्न सकिनेछ)।

२. प्रस्तावकको नेपाली नागरिकताको प्रतिलिपि।

३. जग्गा/जमिनको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि (जग्गाको न्यूनतम मापदण्ड पुरा हुनुपर्नेछ, जस्तैः धान सुपरजोन/तरकारी जोन तर्फ कार्यक्रम प्रस्तावकले कम्तीमा १० कठ्ठा क्षेत्रफलमा सम्बन्धित बालीको खेती व्यवस्थापन गर्ने गरेको र माछा जोन तर्फ कम्तीमा ६ कठ्ठा जलाशय क्षेत्रफल पुग्ने गरी मत्स्य पालन व्यवसाय सञ्चालन गरेको हुनु पर्नेछ)।

४. कृषक समुह/कृषि सहकारी संस्था/वन/जल उपभोक्ता समिति/कम्पनी/कृषि उद्यमी (फर्म) दर्ता प्रमाण पत्रको प्रतिलिपि।

५. स्थायी लेखा नम्बर दर्ता (PAN) प्रमाण पत्रको प्रतिलिपी।

६. आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी। (कार्यक्रम छनौट हुनुभन्दा पूर्व आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र पेश नगरेमा आवेदन छनौटको प्राथमिकतामा नपर्ने)

७. कृषक समुह/कृषि सहकारी संस्था/वन/जल उपभोक्ता समिति/कम्पनी/कृषि उद्यमी (फर्म) को कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि।

८. निर्माण/कार्यक्रम (प्रशोधन केन्द्र, ह्याचरी, कोल्ड चेम्बर तथा संकलन केन्द्र, कस्टम हायरिङ्ग सेन्टर, पोष्ट हार्भेष्ट सेन्टर) सञ्चालन गरिने स्थान समूह/सहकारी/कम्पनी/फर्मको नाममा रहेको जग्गा/जमिनको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि।

९. गत आ.व.हरूमा क्षेत्र विस्तार कार्यक्रम प्राप्त गरेका समूह/सहकारी/फर्मले थप क्षेत्र विस्तारका लागि मात्र निवेदन दिन पाउने।

१०. करारमा जग्गा लिएको भए कम्तिमा ५ बर्षको करार सम्झौताको प्रतिलिप। पूर्वाधार निर्माणको हकमा कम्तिमा १० बर्षको करार सम्झौता।

११. ट्रयाक्टरबाट चल्ने यन्त्र/उपकरणको हकमा ट्रयाक्टरको ब्लू-बुक (आ.व. २०८१/८२ मा नविकरण भएको) अनिवार्य पेश गर्नुपर्ने।

१२. फर्म/उद्यमी/कम्पनीको हकमा गत आ.व.हरुमा सोही प्रकृतिको कार्यक्रमहरुमा अनुदानमा प्राप्त गरेको भए पुनः निवेदन दिन नपाउने वा निवेदन दिएपनि छनौट प्राथमिकतामा नपर्ने।

१३. धान बीउ उत्पादन कार्यक्रमको लागि बीउ उत्पादन गर्ने ईजाजत प्रमाण-पत्र वा ईजाजत प्राप्त बीउ उत्पादक कम्पनी वा सप्लायर्स सँग खरिद पूर्व सम्झौता पत्र र सम्झौता गर्ने कम्पनीको ईजाजत पत्रको प्रतिलिपि।

१४. मत्स्य ह्याचरी स्थापना सहयोग कार्यक्रमको लागि मत्स्य नर्सरी सञ्चालकले मात्र पेश गर्न सक्नेछ। साथै, पुर्वाधार तथा निर्माण सम्बन्धी कार्यक्रमहरु सञ्चालनको लागि प्रस्तावकले लागत साझेदारी सुनिश्चितताको प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ।

१५. स्थानीय तहसँगको लागत साझेदारीमा बीउ प्रशोधन/भण्डारण गृह निर्माण कार्यक्रम सञ्चालनको लागि प्रस्तावकले सम्बन्धित स्थानीय तहको लागत सुनिश्चतता हुने प्रतिबद्धता पत्र/सम्झौता पत्र अनिवार्य पेश गर्नु पर्नेछ।

१६. प्रस्तावकले समान प्रकृतिको कार्यक्रमका लागि अन्य कुनै सरकारी, गैरसरकारी संघ संस्थाबाट अनुदान सहयोग प्राप्त गरेको भए स्पष्ट रूपमा कार्यक्रम कार्यान्वयन एकाइलाई जानकारी गराउनु पर्नेछ। अन्य निकायहरुबाट सोही प्रकृतिको कार्यक्रमहरुबाट लाभान्वित नभएको र दोहोरो नपर्ने व्यहोरा सहितको प्रतिबद्धता पेश गर्नु पर्नेछ।

१७. जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रम सञ्चालनको लागि कार्यालयबाट अनुदान सहयोग हुने कृषिजन्य यन्त्र/उपकरणहरुको विस्तृत जानकारी कार्यालयको वेबसाईट वा कार्यालयमा प्रत्यक्ष सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

१८. कार्यालयले माग गर्ने अन्य आवश्यक कागजात सहित सम्पूर्ण कागजातहरू उल्लेखित क्रम अनुसार फाईलिङ गरि सम्पर्क नम्बर उल्लेख गरी पेश गर्नु पर्नेछ।

**पुनश्चः आवेदन पेश गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनसम्म आवेदन पेश गर्न सकिनेछ। रीतपुर्वक आवेदन र आवश्यक कागजातहरु पेश हुन नआएमा कार्यक्रम कार्यान्वयन एकाइ आवेदन दर्ता गर्न बाध्य हुने छैन।**

थप जानकारीको लागि कार्यालयको Website: kapilvastu.pmamp.gov.np फोन नं. ०७६५५०३४७, ९८५७०५२३४७, ९८५७०५४३४७, ९८४७१३३१९६, ९८०८३६०९६२, ९८६०४९९४९४ मा सम्पर्क राख्नु हुन अनुरोध छ।



CamScanner